# गीत

पशु धन ..... पशु धन...... जय पशुधन
उन्नतीको शीखर चढ्ने हाम्रो छ है मन ।
गाई पालौं, भैँसी पालौं, पालौं भेडा बाख्रा
बंगुर, चौंरी, च्याङ्ग्रा, खच्चड पालौं राम्रा र
ाम्रा
अष्ट्रिच, हाँस, कुखुरा पाल्दा प्रगति छ हाम्रो
पशुपालन उन्नती हो यस्ले गर्छ राम्रो
पशु धन ...... पशु धन ..... जय पशुधन
उन्नतीको शीखर चढ्ने हाम्रो छ है मन ।

दूध मासु फुलमा हामी आत्मनिर्भर बनौं
प्रविधिको भञ्याङ्ग चढ्दै अघि बढौं
स्वच्छ सफा उत्पादनले निर्यात बढाउँछ
प्रगतिको पाईला चाल्दै माथि चढाउँछ ।
पशु धन ..... पशु धन ..... जय पशुधन
उन्नतीको शीखर चढ्ने हाम्रो छ हैं मन ।

गोठ सुधार, नश्ल सुधार, सुधार्नु छ धेरै
सरासर नीति बढ्दा लाग्दैन है बेर
पशु स्वास्थ्य हाम्रो स्वास्थ्य ध्यान दिऊ राम्रो
पशुपन्छी धन हाम्रा बिचार पुऱ्याउ राम्रो
पशु धन .... पशु धन ..... जय पशुधन
उन्नतीको शीखर चढ्ने हाम्रो छ है मन ।

पशु सेवा तालिम तथा प्रसार निर्देशनालय
हरिहरभवन

# घाँस खेतीमा आधारित गरौं पशुपालन

जीवनस्तर सुधार्न, आम्दानीलाई बढाउन
घाँस खेतीमा आधारित गरौं पशुपालन

लागतलाई घटाएर उत्पादनलाई बढाऔं
त्यसको लागि आजै देखि घाँस खेती लगाऔं
छोराछोरी पढाउन, आफ्नो नाम कमाउन
घाँस खेतीमा आधारित गरौं पशुपालन

दूध बेची मासु बेची आम्दानीमा गरौं बृद्धि
सधैंभरी परिवारलाई राखौं सुख समृद्धि
वातावरण जोगाउन, हरियाली बढाउन
घाँस खेतीमा आधारित गरौं पशुपालन

सामुदायिक कबुलियती वन भीर पाखा जमिनमा
बाह्रै महिना घाँस लगाऊँ परिदैन रीनमा
सन्तुलित आहारा खुवाई, पशु स्वास्थ्य बनाउन
घाँस खेतीमा आधारित गरौं पशुपालन

गाईबस्तुलाई राख्नुपर्छ सधैंभरी रसिलो
हे साईलज टिएमआर छ है हजुर पोपिलो
आधुनिक प्रविधिलाई आत्मसात गरिकन
घाँस खेतीमा आधारित गरौं पशुपालन


**लेखक**

श्री देवेन्द्र प्रसाद यादव/डा. शंकर पाण्डे/श्री हरि आचार्य

साभारः राष्ट्रिय चरन तथा पशु आहार केन्द्र
हरिहरभवन, ललितपुर